नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा

आज मिति २०८१ जेष्ठ २८ गते सोमवारका दिन जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बासुदेव दाहालको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति, (DDMC) सिरहाको बैठक तपसिलको उपस्थितिमा बस्यो।

**उपस्थिति :**

| क्र.स. | नाम थर | पद | कार्यालय/निकाय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | बासुदेव दाहाल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, सिरहा | [signature] |
| २. | श्याम कुमार श्रेष्ठ | प्रमुख | गोलबजार नगरपालिका | [signature] |
| ३ | उनजम शर्मा (नामक) | इन्चार्ज | ने.क.पा. (माओवादी) | [signature] |
| ४ | राजदेव यादव | सभापति | ने.रे.क्रो. जिल्ला शाखा सिरहा | [signature] |
| ५ | श्रवण कुमार यादव | सचिव | सिरहा उ.वा. संघ सिरहा | [signature] |
| ६. | शैलेन्द्र कुमार चौधरी | परियोजना संयोजक | सबल नेपाल, सिरहा मधेपा | [signature] |
| ७ | मनोज कुमार कामती | पालिका संयोजक | सबल नेपाल सिरहा शाखा | [signature] |
| ८ | सन्तोष कुमार यादव | सब-इन्जिनियर | जि.स.स सिरहा | [signature] |
| ९. | शिव शंकर महतो | नगर प्रमुख | धनगढीमाई न.पा. | [signature] |
| १० | गुलाबदेवी चौधरी | उपाध्यक्ष | नरहा गा०पा० — | [signature] |
| १२ | गंगा कुमारी अधिकारी | का० संयोजक | मुक्ति नेपाल | [signature] |
| १३ | अमरीक यादव | कार्यक्रम संयोजक | आत्मसम्मान नेपाल | [signature] |
| १४. | रूप नारायण यादव | इन्जिनियर | कमला नदी जि. आ. धनुषा | [signature] |
| १५ | अम्बेश्वर प्र० चौधरी | जे०स्वा० अधिकृत | स्वास्थ्य कार्यालय सिरहा | [signature] |
| १६ | रामबाबु यादव | सहसचिव | नेपाली कांग्रेस सिरहा | [signature] |
| १७ | शम्भु [illegible] | अध्यक्ष | रा० प्र०पा० | [signature] |
| १८ | शेर बहादुर शाहि | सेनानी | श्री नन्दावक्स गण | [signature] |
| १९ | टिकाप्रसाद पोखरेल | उप अ.नि | रा.अ.जि. का. सिरहा | [signature] |
| २०. | शिव प्रसाद गौतम | स.प्र.उ | स.प्र.बल नेपाल, न. ८ गण हेड क्वा सिरहा | [signature] |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिराहा

| क्र.स. | नाम थर | पद | कार्यालय/निकाय | हस्ताक्षर |
| --- | --- | --- | --- | --- |
| २१ | श्याम सुन्दर ठाकुर | इन्जिनियर | जलस्रोत सिंचाई विकास डिभिजन सिरहा | [signature] |
| २२. | हरि अधिकारी | प्र.प्र.अ. | नरहा गाउँपालिका | [signature] |
| २३. | रमेश पण्डित | प्र.उ. | जि.प्र.का. सिराहा | [signature] |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा

## जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको बैठक मिति २०८१/०२/२८ गतेको।

## बैठकको कारवाही एवं निर्णय

१. विगत बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो।

२. विभिन्न क्षेत्र (Cluster) हरु – समन्वय खोजी उद्धार, राहत तथा सूचना व्यवस्थापन, आपतकालीन आवास तथा गैर खाध सामाग्री, स्वास्थ्य तथा पोषण, खानेपानी सरसफाई तथा स्वच्छता, बन्दोबस्ती, शिक्षा, सरंक्षण र खाध तथा सुरक्षाको नेतृत्व प्रदान गर्ने निकाय (Cluster leads) हरुले आ-आफ्नो Cluster हरुको विपद् प्रतिकार्यको लागि टोलीहरुको तयारी र परिचालन गर्ने व्यवस्था मिलाउने।

३. यस जिल्लामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाल रेडक्रस सोसाइटी सिरहासँग उपलव्ध रहेको विपद् खोज तथा उद्धार सामग्रीको अवस्थाबारे बैठकमा जानकारी प्राप्त भयो। मनसुनजन्य विपदका घटनामा प्रभावितहरुको खोज तथा उद्धार लागि आवश्यक पर्ने खोज तथा उद्धार सामग्री नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाललाई पर्याप्त नरहेको हुँदा आवश्यक पर्ने खोज तथा उद्धार सामाग्री सबै स्थानीय तहहरुलाई उपलव्ध गराउन अनुरोध गर्ने।

४. मनसुनजन्य विपदबाट प्रभावति परिवारहरुको लगत संकलन गर्ने कार्य नेपाल रेडक्रस सोसाइटी, सिरहा जिल्ला शाखा सिरहा र नेपाल प्रहरीले संयुक्त रुपमा गर्ने।

५. सबै स्थानीय तहहरुमा LEOC संचालन गर्न एवं संचालनमा रहेका स्थानीय विपद् आपतकालिन कार्य संचालन केन्द्र (LEOC) लाई थप सुदृढ बनाई विपद्को समयमा सक्रिय रुपमा प्रभावकारी तवरले विपद्का घटनाहरुको सूचना आदान प्रदान तथा उद्धारको कार्यमा समन्वय एवं सहकार्य गर्ने।

६. विषयगत क्षेत्रका सबै सरकारी निकाय, जिल्ला स्थित क्रियाशिल सबै राजनीतिक दल एवं विपद्सँग सम्बन्धित सबै गैरसरकारी संघ संस्था एवं निजी क्षेत्र, नागरिक समाज र सम्पूर्ण नागरिकको समेत सहभागितामा एवं सहकार्यमा मनसुनको समयमा आउन सक्ने बाढी तथा डुवानबाट प्रभावित हुने पीडितहरुलाई आ-आफ्नो ठाउँबाट राहत, उद्धार तथा अन्य सक्दो सहयोग गर्न अनुरोध गर्ने।

७. विपद्को समयमा ठूलो जनधनको क्षति हुने सम्भावनालाई मध्यनजर गरी स्थानीय विपद् व्यवस्थापन कोषमा प्रयाप्त रकमको व्यस्थापनको लागि सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने साथै मनसुनजन्य विपदबाट प्रभावित परिवारहरुलाई खाद्यान सहित राहत सामाग्रीको प्याकेट (चामल-[illegible] के.जी., दाल-२ के.जी., चिउरा-२ के.जी., नुन-२ के.जी., चिनी-१ के.जी., खानेतेल-१ लि., आलु-२ के.जी., त्रिपाल-१ थान, कम्बल-२ थान, झुल-१ थान) स्थानीय तहले र अन्य गैर खाद्य सामाग्री नेपाल रेडक्रस सोसाइटी सिरहा जिल्ला शाखा सिरहाले उपलव्ध गराउने।

८. मनसुनको समयमा बाढी, डुवान, कटानले हुन सक्ने जोखिम तथा क्षतिग्रस्त स्थानको नदी नियन्त्रण एवं सडक मर्मत गर्न सम्वद्ध कमला नदी नियन्त्रण आयोजना धनुषा, जलस्रोत सिंचाई विकास डिभिजन सिरहा, कमला सिंचाई व्यवस्थापन कार्यालय, धनुषा, पूर्वाधार विकास कार्यालय सिरहा, सडक डिभिज कार्यालय लहान, हुलाकी सडक डिभिजन कार्यालय धनुषा र कंचनपुर - कमला सडक योजना, सिरहा एवं सम्वद्ध न.पा./गा.पा. ले मनसुन अगाबै मर्मत संभारको कार्य गरी सडक/यतायात सूचारु अवस्थामा राख्ने।

९. विपद्को क्षेत्रमा काम गर्ने सबै अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुले मनसुनजन्य विपद्को समयमा उद्धार, तथा राहतका लागि भएका कार्यक्रमको जानकारी ३ दिन भित्र जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने।

१०. गृह मन्त्रालय (विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा) को च.नं.१६६ मिति २०८१/०२/२० गतेको प्राप्त पत्रानुसार मनसुनजन्य लगायतका विपद्को समयमा उद्धार र राहतका कार्यलाई प्रभावकारी रुपमा व्यवस्थित गर्न सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको संयोजनमा स्थानीय विपद् सहायता कक्ष (Local Disaster Help Desk LDHD) स्थापना गरी संचालन गर्ने तथा सो सहायता कक्षहरुको संरचना तथा कार्यदेश तपसिल बमोजिम रहने व्यहोरा बैठकमा जानकारी प्राप्त भयो।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिराहा

तपसिल:

| स्थानीय विपद् सहायता कक्ष (Local Disaster Help Desk, LDHD) | कार्यदेश |
|---|---|
| स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत - संयोजक<br>स्थानीय आपतकालीन<br>नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि - सदस्य<br>नागरिक समाजका स्थानीय प्रतिनिधि - सदस्य<br>स्थानीय विपद् फोकल पर्सन/स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रका प्रतिनिधि - सदस्य सचिव | • विपद्को समयमा प्रतिकार्यका लागि प्राथमिकतामा राख्नुपर्ने महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, दीर्घरोगी, बालबालिका लगायत जोखिमयुक्त समूह पहिचान तथा जोखिम आँकलन गर्ने/गराउने<br>• विपद्को समयमा हुन सक्ने स्वास्थ्य जोखिम तथा लैङ्गिक हिंसा विरुद्ध किशोर-किशोरी, सुत्केरी र गर्भवती महिला तथा संकटासन्न समूहका लागि चेतनामुलक कार्यक्रम संचालनका साथै सामाजिक संरक्षण प्रदान गर्ने । स्वास्थ्य सेवालाई प्रभावकारी रुपले संचालनका लागि सहयोग गर्ने ।<br>• विपद्का घटना तथा क्षतिको विवरण संकलन, विश्लेषण र सूचना प्रवाह गर्दा लैङ्गिक तथा समावेशी दृष्टिकोणले खण्डीकृत बनाउने ।<br>• खोज, उद्धार गर्दा पहिचान गरिएका जोखिमयुक्त समूहलाई प्राथमिकता राख्ने व्यवस्था गर्ने/गराउने ।<br>• मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श प्रदान गर्ने ।<br>• राहत वितरणमा एकद्वार प्रणाली अवलम्वन गरी पहिचान भएका जोखिमयुक्त समूहलाई प्राथमिकतामा राख्ने व्यवस्था गर्ने गराउने ।<br>• स्थानीय विकास साझेदार तथा गैरसरकारी संघ/संस्थासँग प्रभावकारी समन्वय गर्ने ।<br>• सहायता कक्षमा मोवाइल नम्वर सहितको सम्पर्क व्यक्ति तोकी सार्वजनिक गर्ने । |

११. मिति २०८०/११/१० गते देखि हालसम्म विपद्का विभिन्न घटनाबाट प्रभावित व्यक्तिहरुलाई राहत स्वरुप जिल्ला विपद् व्यवस्थापन समितिबाट उपलब्ध गराएको देहाय बमोजिमको रकम अनुमोदन गरियो ।

| क्र.स | घटना मिति | नामथर | ठेगाना | विपद्को किसिम | रहात रकम रु |
|---|---|---|---|---|---|
| १. | २०८०।११।२५ | मो. हासिम अंसारी | सितापुर प्र.ध.६ | आगलागी | १०,०००/- |
| २. | २०८०।११।२९ | नागदेव सिंह दनुवार | लक्ष्मिपुर - ४ | आगलागी | ५,०००/- |
| ३. | २०८०।११।२५ | कोशिला देवी महरा | सुखिपुर-१ | आगलागी | १५,०००/- |
| ४. | २०८०।१२।२१ | मुकेश कुमार मण्डल | लाहान-१२ | आगलागी | १०,०००/- |
| ५. | २०८०।१२।२८ | मनोज श्रेष्ठ | कर्जन्हा-१ | आगलागी | १५,०००/- |
| ६. | २०८०।१२।२९ | बबिता कुमारी यादव | औरहि-२ | आगलागी | १२,०००/- |
| ७. | २०८०।१२।२९ | रेखा कुमारी यादव | धनगढीमाई-८ | आगलागी | १०,०००/- |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिराहा

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | २०८१।०१।१० | चन्देश्वर सिह महतो | बिष्णुपुर-५ | आगलागी | ७०००/- |
| ९. | २०८१।०१।०४ | बिन्दी महतो | कल्याणपुर-०३ | आगलागी | १५,०००/- |
| १०. | २०८१।०१।१० | ठक्कु महतो कोइरी | बिष्णुपुर-५ | आगलागी | १५,०००/- |
| ११. | २०८१।०१।०९ | रामदेव यादव | सखुवानन्कारकटी-५ | आगलागी | ६,०००/- |
| १२. | २०८१।०१।०९ | बैजनाथ यादव | सखुवानन्कारकटी-५ | आगलागी | ६,०००/- |
| १३. | २०८१।०१।१२ | संतोश यादव | मिर्चैया-०३ | आगलागी | १५,०००/- |
| १४. | २०८१।०१।१२ | सुरेश यादव | मिर्चैया-०३ | आगलागी | १५,०००/- |
| १५. | २०८१।०१।१२ | पवन यादव | मिर्चैया-०३ | आगलागी | १५,०००/- |
| १६. | २०८१।०१।१२ | बुधन मण्डल | मिर्चैया-०३ | आगलागी | ७५००/- |
| १७. | २०८१।०१।२५ | बिमलेश राय | मिर्चैया -०८ | आगलागी | १५,०००/- |
| १८. | २०८१।०१।२५ | कमलेश राय | मिर्चैया -०८ | आगलागी | १५,०००/- |
| १९. | २०८१।०१।२५ | कारी सदाय | मिर्चैया -०८ | आगलागी | १५,०००/- |
| २०. | २०८१।०१।२५ | सिटुर सदाय | मिर्चैया -०८ | आगलागी | १५,०००/- |
| २१. | २०८१।०१।२५ | जगत सदाय | मिर्चैया -०८ | आगलागी | १५,०००/- |
| २२. | २०८१।०१।२५ | कमलेश कुमार सदाय | मिर्चैया -०८ | आगलागी | १५,०००/- |
| २३. | २०८१।०१।२५ | मो. नाजिम सिदिकि | सिरहा-०४ | आगलागी | १५,०००/- |
| २४. | २०८१।०१।२५ | रबि खातुन | सिरहा-०४ | आगलागी | १५,०००/- |
| २५. | २०८१।०१।११ | महेश कुमार यादव | औरहि -२ | आगलागी | १५,०००/- |
| २६. | २०८१।०२।०६ | कुलान्नद अमात्य | सिरहा-०७ | आगलागी | १५,०००/- |
| २७. | २०८१।०१।०७ | राम अशिस यादव | सखुवानन्कारकट्टी-०१ | आगलागी | १५,०००/- |
| २८. | २०८१।१२।०९ | अहिला देवी राम | लाहान-१७ | आगलागी | १५,०००/- |
| २९. | २०८१।०१।१६ | कुलन देवी यादव | सिरहा-१७ | आगलागी | १५,०००/- |
| ३०. | २०८१।०१।१६ | कविता कुमारी यादव | सिरहा-१७ | आगलागी | १५,०००/- |
| | | | | **जम्मा** | ३,८८,५००/- |

१२. नरहा गाउँपालिकाको च.नं.१०२० मिति २०८१/०२/२८ गतेको पत्रानुसार सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ बमोजिम गठित समितिको मिति २०८०/१२/१६ गतेको बैठकबाट जग्गा प्राप्तिको लागि निर्णय भएको जिल्ला सिरहा साविक गा.वि.स. देविपुर वडा नं. ५ हाल नरहा गाउँपालिका वडा नं. १ अन्तर्गत रहेको सार्वजनिक गौचर जग्गा कि.नं. ४७ को ज.वि. ५-२-८ मध्ये ज.बि. १-०-० सार्वजनिक प्रकृतिको जग्गामा १० (दश) शैयाको आधारभुत सरकारी अस्पताल निर्माण गर्दा उक्त जग्गा विपद् व्यवस्थापन प्रयोजनको लागि आवश्यक नपर्ने तथा विपद् व्यवस्थापन कार्यको लागि अन्यत्र समेत पर्याप्त खालि जग्गा रहेकोले माथि उल्लेखित जग्गा नरहा गाउँपालिकाको १० (दश) शैयाको आधारभुत सरकारी अस्पताल निर्माणका लागि उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने।

१३. आगलागिजन्य विपद् घटना नियन्त्रणका लागि खटिने बारुण यन्त्रलाई आवश्यक फ्युल र फिल्डमा खटिने कर्मचारी/जनशक्तिलाई आवश्यक भत्ता लगायत खाजा खर्चको व्यवस्था आगलागिका घटना घटेका सम्बन्धित पालिकाले भुक्तानी गर्ने निर्णय गरियो।

१४. जिल्ला विपद् व्यवस्थापन समितिको बिभिन्न बैठकहरुको सुझाव एवं सल्लाहरुलाई समेटी सिरहा जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० लाई अध्यावधिक गरी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८१ स्वीकृत गर्ने ।

१५. सिरहा जिल्लाको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०८० लाई अध्यावधिक गरी मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१ स्वीकृती गर्ने ।

१६. संघीय जिल्ला विपद् व्यवस्थापन कोषमा हालसम्म रहेको मौजदात रु.४४,१९,८८८।५४ र प्रदेश विपद् व्यवस्थापन कोषमा रहेको मौजदात रु.८,६५,१०८/- बैठकमा जानकारी प्राप्त भयो ।

प्रमुख जिल्ला अधिकारी